जि.प्र.का.नं. ५२६/०७५

# किरात मेवाहाङ याखोम्मा

**Kirat Mewahang Association**

केन्द्रीय कार्य समिति, नेपाल

**Central Action Committee, Nepal**

स्था: २०७५

पत्र संख्या: २०८२/८३
चलानी नं.:

कोशी प्रदेश, नेपाल
मितिः २०८३/०२/१५

## मेवाहाङ मुदुदमी पूर्खा भेला सिलीचोङ संकल्प-पत्र

मिति २०८३ साल जेठ ९ गतेदेखि १५ गतेसम्म सिलीचोङ गाउँपालिका स्थित ताम्कुमा भएको मेवाहाङ मुद्दुमी पूर्खा भेला सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो। कम जनसंख्या भएपनि पृथक जातिको रुपमा रहेको यस मेवाहाङ जातिको भाषा, साहित्य, कला, संस्कार र संस्कृति संरक्षण र पुस्तान्तरणका लागि अलिखित मुद्दुमलाई थप दस्तावेजीकरण गर्नु अपरिहार्य ठानेर पुर्खा भेलाको आयोजना गरिएको हो। विभिन्न उमेर समुहका अग्रज कुबुमी पुर्खा तथा नयाँ पुस्ताको भेलाबाट तपशिल बमोजिमको **मेवाहाङ मुद्दुमी सिलीचोङ संकल्प-पत्र** तयार गरिएको छ।

तपशिलः

१. नेपालका विभिन्न भूभागमा रहेको मेवाहाङ समुदायहरुले गर्दै आएको मौखिक मुद्दुमी संस्कारहरुलाई थप लिखित दस्तावेजका लागि भेलामा वृहत छलफल गरी सहमती जनाईएका विषयहरु **मेवाहाङ मुद्दुममा** प्रकाशन गर्ने।

२. मेवाहाङ भाषा, संस्कार, संस्कृति, कला र साहित्य संरक्षणका लागि सबैको ऐक्यवद्धता गर्ने।

३. मेवाहाङ जातिसंग भाषा, संस्कार, संस्कृति, रितिरिवाज मिल्ने र विभिन्न कालखण्डमा स्वतः स्थापना भएका संस्थाहरुलाई एकताका लागि सार्वजनिक आव्हान गर्ने, जसमा हालसम्म देशै भर रहेका मेवाहाङ मातृभाषी तथा सबै पाछाहरुलाई एकताको सुत्रमा बाँधिन सबै युवा, महिला तथा पुर्खाहरुको अनुरोध रहेको छ।

४. मेवाहाङ जातिको किपट (उद्‌गम थलो) रहेको सिलीचोङ गाउँपालिकालाई मेवाहाङ संरक्षित क्षेत्रको रुपमा विकास गर्न सरकारी निकाय तथा सम्बन्धित सरोकारवालाहरुलाई आव्हान गर्ने।

५. मेवाहाङ संग्राहलयमा सुरक्षित गर्न पुरातात्विक बस्तु, सामग्री, अभिलेख, फोटोहरु किरात मेवाहाङ याखोम्मामा सुरक्षित र संरक्षित गर्न संकलन गर्दै जाने।

६. पुर्खा भेलामा छलफल भई पारित भएका मुद्दुमका विषयहरुलाई सामुहिक रुपमा प्रयोग र विश्वास गर्ने।

७. संकलन भएका मुद्दुमलाई मेवाहाङ समुदायकै प्रमुख सम्पत्तिको रुपमा विकास गर्ने र सोको आधिकारिकता किरात मेवाहाङ याखोम्माको रहने छ।

८. तोकिए अनुसारको मेवाहाङ पोशाकलाई देश विदेशभरी एकरुपता गराई प्रयोग गर्ने।

९. मेवाहाङ चाड, संस्कारलाई नियमित रुपमा देशविदेशमा मनाउन पहल गर्ने।

१०. मेवाहाङ जातिलाई नेपाल सरकारको मापदण्ड अनुसार आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन-२०५८ अनुसार सूचीकरणको पहललाई थप शसक्त बनाउने।

११. मेवाहाङ बालबालिका, युवा, महिला लगायत सबैलाई शैक्षिक विकास, सरकारी सेवा, नवप्रर्द्धन कार्य, आर्थिक समृद्धि, राजनैतिक नेतृत्व, संस्कृति, कला, भाषा, साहित्य, इतिहास संरक्षणमा लाग्न नेतृत्व विकास गर्ने।

१२. राज्यले प्रदान गरेको श्रोतसाधन सुविधालाई अधिकतम रुपमा उपयोग गर्न पहुँच बढाउने ।

१३. माथिका संकल्पहरुलाई पालना, सहयोग र समन्वय गर्ने सरकारी तथा गैह्रसरकारी संघ संस्था तथा सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**पूर्खा तथा युवाहरु**

| | |
|---|---|
| गणेश बहादुर विक्सीक | खाँदवारी |
| कुल बहादुर विक्सीक | याफु |
| जस बहादुर लाड्छोड | याफु |
| जस बहादुर डोरी | सुनसरी |
| काजी बहादुर लाड्छावा | चिचिला |
| दुर्गा किरण लुम्लुमा | वाला |
| खड्ग बहादुर लाक्छावा | त ाम्कु |
| नरेन्द्र कुमार लुम्लुमा | खाँदवारी |
| नरभुपाल लाक्छावा | ताम्कु |
| मीन बहादुर ओडलुड | मांतेवा |
| शिव कुमार लुम्लुमा | मोरड |
| सुभाष तेम्मोरा | इलाम |
| पृतम योक्छारुड | इलाम |
| प्रदिप लाक्छावा | इलाम |
| छत्र कुमार तेम्मोरा | वाला |
| योगेन्द्र सिंलेगा | धरान |
| शेखर इछोड्मा | मांतेवा |
| मणिचन्द्र लाक्छावा | ताम्कु |
| चन्द्र बहादुर लाडछावा | चिचिला |
| शंकरदास डोरी | धरान |
| विश्वरसिंह लाडछावा | मोरड |
| खेवाहाड लुम्लुमा | खाँदवारी |
| हरी प्रसाद लाक्छावा | ताम्कु |
| डुलेन्द्र लाक्छावा | ताम्कु |
| लगन मारुड्गा | भोजपुर |
| मणि कुमार तेमोरा | ताम्कु |
| तारा कुमारी डोरी | ताम्कु |
| मोहन शंकर लाम्छावा | ताम्कु |